बालबालिकाका लागि बाइबल

को प्रस्तुती



# इनारमा एक स्त्री

लेखन: Edward Hughes

चित्र: Lazarus

संयोजन: Ruth Klassen

अनुवाद: Mrs. Trifaina Subba

प्रकाशक: Bible for Children
www.M1914.org

©2015 Bible for Children, Inc.
अनुमतिपत्र: यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन ।

येषू अनि उहाँका चेलाहरू सामरियामा गइरहनुभएको थियो। तिनीहरू सुखार भनिने षहरमा आए।



त्यहाँ एउटा इनार थियो जहाँ मानिसहरू पानी भर्नलाई आउँथ्यो। इस्राएलका बाबु याकूबले धेरै अघि यो खनेका थिए।



मध्यदिनमा सायद टनटन घाम अनि गरम थियो। चेलाहरू सुखारमा खाना किन्न गएको बेला येषू इनारको छेऊमा थकित भएर बस्नुभयो।





येषू एकलै हुनुहुन्थ्यो तर धेरै समयको लागि होइन। एक स्त्री पानी भर्नलाई सुखारमा आए अनि “मलाई पानी देऊ” भनी येषूले तिनलाई भन्नुभयो।



स्त्री चकित भइन्। “तपाईं यहूदी भएर म सामरी आइमाईको हातबाट कसरी पानी पिउनुहुन्छ?” भनी तिनले भनिन्। ती दिनहरूमा यहूदीहरूले सामरीसंग केही वास्ता गर्दैनथिए।

“यदि तिमीलाई थाह छ म को हो भनेर तिमीले मलाई जिउँदो पानी माग्न सक्नेथियो” भनी येषूले भन्नुभएको यो कुरा सुनेर उनी अझ छक्क परिन्।





स्त्रीले येषूलाई भनिन्, “हजूर, तपाईंसित उघाउने भाँड़ो छैन। इनार गहीरो पनि छ, तब कहाँबाट तपाईंसित त्यो जीवनको पानी आउँछ? के तपाईं हामा पुर्खा याकूबभन्दा ठूला हुनुहुन्छ, जसले हामीलाई यो इनार बनाईदिनुभयो?



येषूले त्यसलाई भन्नुभयो,
“यो पानी पिउने प्रत्येक फेरि
तिर्खाउनेछ, तर मैले दिने
त्यो पानी जसले पिउला
त्यो कहिल्यै तिर्खाउनेछैन।
तर जुन पानी म त्यसलाई
दिनेछु, त्यो पानी त्यसमा,
अनन्त जीवनसम्म उम्रिरहने
पानीको मूल बनिनेछ।”
“हजूर, मलाई यही पानी
दिनुहोस्” भनी त्यस
स्त्रीले भनिन्।

येषूले त्यसलाई भन्नुभयो, “जाऊ, तिम्रा लोग्नेलाई बोलाएर यहाँ आऊ।” त्यस आइमईले भनी, “मेरा लोग्ने छैनन्।” येषूले त्यसलाई भन्नुभयो, “मेरा लोग्ने छैनन् भनी तिमीले ठीकै भन्यौ, किनभने तिम्रा पाँचवटा लोग्ने भइसकेका छन् र जो अहिले तिमीसित छन्, त्यो तिम्रा लोग्ने होइनन्।”



तपाईं अगमवक्ता हुनुहुन्छ भनी म थाह पाउँछु। हाम्रा पुर्खाहरूले यस डाँड़ामा पूजा गरे, औ तपाईंहरू भन्नुहुन्छ कि पुज्नपर्ने स्थान यरूषलेममा छ। साँचोसंग पुज्नेहरू पितालाई आत्मा र सत्यतामा पुज्नेछन्।



त्यस आइमाईले उहाँलाई भनी, “म जान्दछु कि मसीह आउनुहुन्छ, तब उहाँलेनै हामीलाई सबै कुरा बताउनुहुनेछ।” येषूले त्यसलाई भन्नुभयो, “तिमीसित बोल्ने, म, उहीं हुँ।” यही बीचमा उहाँका चेलाहरू आए। त्यो आइमाई आफ्नो गाग्रो छोड़ेर षहरमा गइहाली।





मानिसहरूलाई यसो भनी, "आओ, एक जना मानिसलाई हेर, जसले मैले गरेका सबै काम मलाई बताइदिनुभयो।"

"के यिनीनै ख्रीश्ट हुनुहुन्न?" तब तिनीहरू षहरबाट निस्केर उहाँकहाँ आए।

यसै बीचमा चेलाहरूले उहाँलाई खानुहोस् भनी भने। तर येषूले भन्नुभयो, “मलाई पठाउनेको इच्छा पूरा गर्नु र उहाँको काम पूरा गर्नुनै मेरो भोजन हो।”





ती आइमाईको कुरा सुनेर सामरीयाका धेरै मानिसहरूले उहाँमाथि विष्वास गरे। तिनीहरूले येषूलाई तिनीहरूसंग बस्ने भनी साधे अनि उहाँ तिनीहरू दुइ दिन बसे।



येषूको आफ्नै
वचनले गर्दा
धेरैजनाले
विष्वास गरे।
तिनीहरूले भने,
"हामीले आफैको
लागि सुनेका छौ
अनि उहाँ
साँच्चैनै ख्रीशट
हुनुहुन्छ जो
संसारको
मुक्तिदाता
हुनुहुन्छ।"

# इनारमा एक स्त्री

## परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

जुन

## यूहन्ना 4

“तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ।”
भजनसंग्रह ११९:१३०

# समाप्त

बाइबलको यो कथाले हाम्रा अद्भूत परमेश्वरको बारेमा बताउँदछ जसले हामीलाई बनाउनुभयो। तिमीले उहाँलाई चिन भन्ने उहाँ चाहनुहुन्छ।

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ। पापको सजाय मृत्यु हो, तर परमेश्वरले तिमीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि तिम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो। त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्गको आफ्नो घरमा जानुभयो १ यदि तिमीले प्रभु येशूमा विश्वास गर्‍यौ र तिम्रा पापहरू क्षमा गरिदिन उहाँसँग बिन्ती गर्‍यौ भने उहाँले तिमीलाई क्षमा गर्नुहुनेछ १ अनि उहाँ तिमीभित्र आएर वास गर्नुहुन्छ र तिमी सधैंभरि उहाँसँगै बस्नेछौ।

यदि तिमी यो कुरा साँचो हो भनी विश्वास गर्छौ भने परमेश्वरलाई यसो भन:
प्यारो प्रभु येशू, तपाईं परमेश्वर हुनुहुन्छ, मेरा पापहरूको निम्ति मर्न तपाईं मानिस बन्नुभयो र अहिले फेरि जीवित हुनुभएको छ भनी म विश्वास गर्दछु। कृपा गरी मेरो जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ। तपाईंको आज्ञा पालन गर्न र तपाईंको सन्तान भएर तपाईंको निम्ति जिउन मलाई सहायता गर्नुहोस्। आमेन।

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर १ यूहन्ना ३:१६